Tribhuvan University
त्रिभुवन विश्वविद्यालय
Faculty of Humanities & Social Science
मानविकी तथा सामाजिक शास्त्र संकाय
**FINE ART CAMPUS**
**ललितकला क्याम्पस**

Ref. No.:
पत्र संख्या :

त्रिभुवन विश्वविद्यालय ललितकला क्याम्पस भोटाहिटी, काठमाडौं

मिति : २०८३।०५।२२

# सूचना

यही २०८३ साल भाद्र १० गते आएको महाविनाशकारी बाढीका कारण यस क्याम्पसमा अध्ययनरत कोही विद्यार्थीहरू प्रभावित भएको भए उक्त बाढीबाट भएको क्षतिको विवरण क्याम्पसको प्रशासन शाखामा उपलब्ध गराउनका लागि सूचित गरिन्छ।

डा.यामप्रसाद शर्मा
क्याम्पस प्रमुख

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
शिक्षाध्यक्षको कार्यालय
OFFICE OF THE RECTOR

# विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय
# Student Welfare and Sports Directorate

कीर्तिपुर, काठमाडौं, नेपाल
Kirtipur, Kathmandu, Nepal

Ref. No./ पत्र संख्याः ८१/०८३/०८४ Date/ मितिः १८ भाद्र २०८२

श्रीमान् क्याम्पस प्रमुखज्यू,
सम्पूर्ण आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरू,
त्रिभुवन विश्वविद्यालय ।

**विषयः बाढीपहिरो प्रभावित विद्यार्थीहरूको क्षति विवरण तथा तत्काल आवश्यक सहयोगको पहिचान एवं समन्वय गर्ने सम्बन्धमा ।**

हालैको बाढीपहिरो तथा प्राकृतिक विपद्का कारण देशका विभिन्न क्षेत्रमा ठूलो जनधनको क्षति भएको अवस्था विद्यमान छ । यस विपद्को समयमा प्रभावित क्षेत्रमा उद्धार तथा राहत कार्यमा यथासम्भव सहयोग पुऱ्याउन यस निर्देशनालयले यसअघि नै त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पसहरूलाई आवश्यक पहल तथा सहयोगका लागि परिपत्र गरिसकेको व्यहोरा अवगत नै छ । अब उद्धार तथा प्रारम्भिक राहत कार्यसँगै विपद्बाट प्रभावित हाम्रा विद्यार्थीहरूको वास्तविक क्षति, उनीहरूको तत्काल आवश्यकता तथा अध्ययनलाई निरन्तरता दिन आवश्यक सहयोगको पहिचान गर्नु अत्यन्त आवश्यक भएको छ । यस सन्दर्भमा, त्रिभुवन विश्वविद्यालयका सम्पूर्ण आङ्गिक क्याम्पसहरूले अनिवार्य रूपमा आफ्ना विद्यार्थीहरूमध्ये बाढीपहिरोबाट प्रभावित विद्यार्थीहरूको विवरण संकलन गरी उनीहरूको अवस्था तथा आवश्यक सहयोगको प्राथमिकता निर्धारण गर्न अनुरोध गरिन्छ । साथै, विशेषगरी बाढीपहिरो प्रभावित क्षेत्रमा रहेका सम्बन्धन प्राप्त क्याम्पसहरूले समेत यस कार्यलाई प्राथमिकताका साथ अघि बढाई प्रभावित विद्यार्थीहरूको विवरण निर्देशनालयलाई उपलब्ध गराउन अनुरोध गरिन्छ ।

**संकलन गर्नुपर्ने विवरणमा मुख्यतः**

१. बाढीपहिरोबाट प्रभावित विद्यार्थीहरूको संख्या तथा व्यक्तिगत विवरण;
२. विद्यार्थी तथा उनीहरूको परिवारमा भएको जनधन तथा भौतिक क्षतिको विवरण;
३. घर, बसोबास, शैक्षिक सामग्री, पुस्तक, ल्यापटप/कम्प्युटर लगायतमा भएको क्षति;
४. तत्काल आवश्यक पर्ने खाद्यान्न, आवास, स्वास्थ्य उपचार तथा अन्य आधारभूत सहयोग;
५. अध्ययनलाई निरन्तरता दिन आवश्यक पर्ने आर्थिक, शैक्षिक वा अन्य सहयोग;
६. गम्भीर रूपमा प्रभावित तथा तत्काल प्राथमिकतामा राख्नुपर्ने विद्यार्थीहरूको विवरण; र
७. क्याम्पस, विभाग, स्थानीय तह वा अन्य निकायबाट उपलब्ध गराउन सकिने सहयोग तथा थप सहयोग आवश्यक पर्ने विषयहरू ।

यसका साथै, तत्काल पुनःस्थापना तथा सामान्य जीवनमा फर्कन आवश्यक पर्ने सहयोग स्थानीय स्तरबाट समेत उपलब्ध गराउन पहल गर्न अनुरोध गरिन्छ । सम्बन्धित क्याम्पसहरूले आफ्नो स्थानीय तह, वडा कार्यालय, स्थानीय संघ-संस्था, सामाजिक संस्था, पूर्वविद्यार्थी तथा अन्य सम्भावित सहयोगी निकायहरूसँग आवश्यक समन्वय गरी तत्काल आवश्यकता भएका विद्यार्थीहरूलाई सम्भव भएसम्म स्थानीय स्तरबाटै राहत तथा पुनःस्थापनासम्बन्धी सहयोग उपलब्ध गराउने व्यवस्था गर्न पहल गर्नुहुन अनुरोध छ ।

..........................
डा. दीपेन्द्र पराजुली
(निर्देशक)

बोधार्थ

१. श्रीमान् उपकुलपतिज्यूको कार्यालय, कीर्तिपुर, काठमाण्डौ ।
२. श्रीमान् शिक्षाध्यक्षज्यूको कार्यालय, कीर्तिपुर, काठमाण्डौ ।
३. श्रीमान् रजिष्ट्रारज्यूको कार्यालय, कीर्तिपुर, काठमाण्डौ ।
४. सूचना तथा जनसम्पर्क महाशाखा, त्रिभुवन विश्वविद्यालय ।